# शैलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

काटाकुटी, दोलखा

शैलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काटाकुटी, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

# चमेनागृह संचालन सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः-२०७८/०४/१२

यस कार्यालय परिसरमा जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राही स्वयंले भुक्तानी गर्ने गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही प्रस्तावपत्रमा उल्लेख भएको दररेट अनुसार घटाघटमा खाना/ खाजा उपलब्ध गराउने गरी चमेनागृह संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति / फर्मबाट शिलबन्दी प्रस्ताव आह्वान गरिन्छ।

**शर्तहरु**

१. चमेना गृह संचालनको लागि इच्छुक व्यक्ति भएमा नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, चमेना गृह संचालन गर्न सक्छु भनि लिखित प्रतिवद्धता, होटेलमा वा क्याटरिङ सर्भिसेसमा कम्तिमा ३ बर्ष काम गरेको अनुभव र प्रस्ताव स्वीकृत भएको ७ दिन भित्र फर्मको रुपमा दर्ता गरी PAN दर्ता प्रमाण-पत्र समेत पेश गर्ने प्रतिवद्धता जनाएको पत्र तथा फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र, PAN दर्ता प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण पत्र संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालयको राजश्व शाखाबाट रू १,००० /-(एक हजार) फिर्ता नहुने गरी दस्तुर तिरी प्रमाणित प्रस्ताव फाराम खरिद गर्न सकिनेछ। खरिद गरिएको प्रस्ताव सूचना प्रकाशन भएको १६ औं दिन दिनको १२ बजे शिलबन्दी गरी कार्यालयमा दर्ता गराउनु पर्नेछ। म्याद भित्र रितपूर्वक दर्ता भएका शिलबन्दी प्रस्तावहरु सोहि दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधि र प्रस्तावदाताको रोहवरमा खोलिनेछ। प्रस्तावदाता उपस्थित नभएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन।

२. प्रस्ताव फारममा उल्लिखित अधिकतम दर भन्दा बढी प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव रद्द हुनेछ।

३. रितपूर्वक दर्ता भएका प्रस्तावहरु मध्ये औषतमा सबै भन्दा घटी दर प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ।

४. दर रकम रुपैयाँमा मात्र प्रस्ताव गर्न पाइनेछ। रुपैयाँ र पैसा दुबैमा दर उल्लेख गरिएका प्रस्तावहरुलाई रद्द गरिनेछ।

५. प्रस्ताव रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. चमेनागृह संचालन अवधि सम्झौता भएको मिति देखि २०८३ आषाढ मसान्त सम्म हुनेछ।

७. प्रस्ताव स्वीकृत भए पछी संचालकले सम्झौता गर्नु पहिले यस कार्यालयमा रू ५०,०००/- (अक्षरुपि पचास हजार मात्र) धरौटी राख्नुपर्नेछ।

८. चमेनागृह भवन प्रयोग गरे वापत रू ३,०००/- (अक्षरुपि तिन हजार) भाडा तिर्नु पर्नेछ। विजुली प्रयोग गरेवापत सभामिटरमा उल्लेख भएको युनिट अनुसार प्रचलित नियम अनुसार तिर्नु पर्नेछ।

९. चमेनागृह संचालनको लागि सम्झौता भई सम्झौता अवधि समाप्त हुनु अगावै कार्यालयको स्वीकृत विना सेवा बन्द गरेमा वा सम्झौता विपरित कार्य गरेको ठहर भई सम्झौता रद्द भएमा धरौटी जफत हुनेछ।

१०. सरसफाईको लागि आवश्यक पानी कार्यालयले निशुल्क उपलब्ध गराइनेछ र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था संचालक स्वयंले गर्नु पर्नेछ।

११ चमेना गृहबाट उपलब्ध गराउने खाद्य परिकारको परिमाण, गुणस्तर एवं सरसफाई स्थिति वारेमा निरन्तर अनुगमन गरिनेछ। सम्झौता अनुसारका शर्त अनुसारको काम सन्तोषजनक भएको नपाइएमा जुन सुकै बखत कार्यालयले सम्झौता शर्त मुताविक आवश्यक कारवाही गर्न सक्नेछ।

१२. चमेनागृहमा सुर्तीजन्य तथा मदिराजन्य पदार्थ विक्री वितरण तथा उपभोग गर्न पाइने छैन।

१३. अन्य कुरा सम्झौता बमोजिम हुनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत